# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको जरुरी सूचना

सामाजिक संजालहरुमा वन्यजन्तुको चोरी शिकार गरेका, वन्यजन्तु मारी पिकनिक वा भोज गरेका, क्याम्प फायर गरेका, कुनै होटल, लज, रेष्टुरेन्टमा वन्यजन्तुका मासु उपलब्ध हुने भनी समाचारहरु राख्ने क्रियाकलाप बढ्दै गएकोले यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ । नेपालको वर्तमान कानूनले कुनै पनि वन्यजन्तुको शिकार गर्न वा अन्य प्रकारले वन्यजन्तु मार्न वा वन्यजन्तुको उपयोग गर्न निषेध गरेको तथा कोरोना भाइरसले भयावह बनाएको वर्तमान परिप्रेक्ष्यमा सम्बन्धित विषयका विज्ञहरुले समेत वन्यजन्तुबाट कोरोना भाइरस सर्न सक्ने भएकोले वन्यजन्तुलाई नछुन, वन्यजन्तुको मासु नखान सचेत गराएकोले उल्लेखित गैरकानूनी कार्य गर्ने केही व्यक्तिलाई **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९** अनुसार कानूनी दायरमा समेत ल्याइसकेको जानकारी गराउदै कसैले पनि वन्यजन्तुको चोरी शिकार कार्य नगर्न, वन्यजन्तुको मासु वा अन्य अंग प्रयोग नगर्न र यस्ता विषयहरु सामाजिक संजालमा पोष्ट नगर्न सूचित गरिन्छ ।

कसैले पनि यसको बिपरित काम गरेको पाइएमा नजिकको निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालय वा सुरक्षा निकायका कार्यालयमा जानकारी दिनु हुन अनुरोध छ ।

*राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा*

*केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण ईकाइ*

*बबरमहल, काठमाण्डौं*

*www.dnpwc.gov.np*